राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २७९ २०८३ वैशाख ३० गते बुधवार (13 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## अनलाइन मिडिया नियमनमा आयोगको जोड




दैनिक समाचारदाता

काठमाडौं, २९ वैशाख । राष्ट्रिय मानव अधिकार आयोगले अनलाइन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालको प्रभावकारी नियमन गर्न सरकारलाई निर्देशन दिएको छ ।

गत शुक्रबार सरकारलाई मानवअधिकार संरक्षणसम्बन्धी विभिन्न सुझाव पठाउँदै आयोगले अनलाइन सञ्चारमाध्यमको नियमनलाई प्राथमिकतामा राखेको हो ।

आयोगले गलत, भ्रमपूर्ण तथा मिथ्या समाचारका कारण समाजमा नकारात्मक असर पर्न सक्ने उल्लेख गर्दै अभिव्यक्ति स्वतन्त्रतामा असर नपर्ने गरी आवश्यक कानुनी व्यवस्था गर्न सरकारलाई सुझाव दिएको छ । साथै सामाजिक सञ्जालको दर्ता, अभिलेखीकरण र प्रभावकारी नियमनका लागि कानुनी प्रबन्ध गर्न पनि आग्रह गरेको छ ।

गम्भीर मानवअधिकार उल्लंघनसम्बन्धी दुई अनुसन्धान अझै निष्कर्षमा नपुगेको अवस्थामा आयोगले तुलनात्मक रूपमा कम प्राथमिकताका विषय उठाएको भन्दै आलोचना समेत भइरहेको छ । आयोगले गत चैतमा तिनकुनेमा राजावादीहरूको कार्यक्रममा भएको हिंसात्मक घटना तथा गत भदौमा जेनजी आन्दोलनमा भएको दमनबारे अनुसन्धान गरेको थियो । अनुसन्धान टोलीले प्रतिवेदन बुझाइसके पनि आयोगले अहिलेसम्म कुनै निर्णय सार्वजनिक गरेको छैन ।

यस्तै, आयोगले नेपालको संविधानमा उल्लेखित मौलिक हक प्रभावकारी रूपमा कार्यान्वयन नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । संविधानको धारा १८ अनुसार सिमान्तकृत समुदायको स्पष्ट कानुनी परिभाषा गर्न, संविधानअनुकूल निःशुल्क शिक्षाको व्यवस्था लागू गर्न तथा सामुदायिक र निजी विद्यालयबीच समान शैक्षिक गुणस्तर कायम गर्न आयोगले सुझाव दिएको छ ।

त्यसैगरी आवासविहीन दलित समुदायलाई आवासको व्यवस्था गर्न र रोजगारीको हक कार्यान्वयनका लागि रोजगारी सिर्जना गर्न पनि आयोगले सरकारलाई आग्रह गरेको छ ।

# पाँच ‘थिम’मा केन्द्रित हुँदै आगामी बजेट

दैनिक समाचारदाता

काठमाडौं, २९ वैशाख । डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेट सरकारको नीति तथा कार्यक्रम, शासकीय सुधार र राष्ट्रिय स्वतन्त्र पार्टीको वाचापत्रलाई केन्द्रमा राखेर निर्माण गरिने बताउनुभएको छ ।

सङ्घीय संसद् प्रतिनिधिसभाअन्तर्गतको अर्थसमितिको सोमबारको बैठकमा अर्थमन्त्री वाग्लेले सीमित स्रोत र बढ्दो वित्तीय दबाबबीच पनि सुधारमुखी तथा परिणाममुखी बजेट ल्याइने स्पष्ट पार्नुभयो । उहाँले बजेट कार्यान्वयनका लागि स्रोत व्यवस्थापन अहिलेको सबैभन्दा ठूलो चुनौती भएको स्वीकार गर्दै आवश्यक स्रोत जुटाइने विश्वास व्यक्त गर्नुभयो ।

अर्थमन्त्रीका अनुसार सरकारको नियमित दायित्व मात्रै करिब १३ खर्ब ३० अर्ब रुपैयाँ पुगेको छ भने करिब ७ खर्ब रुपैयाँ बराबर स्रोत अभाव देखिएको छ । यस्तो चुनौतीपूर्ण अवस्थाबीच पनि सिर्जनशील कार्यक्रम र दीर्घकालीन सुधारका योजनालाई प्राथमिकता दिइने उहाँको भनाइ थियो ।



उहाँले आगामी बजेट पाँच प्रमुख ‘थिम’मा आधारित हुने जानकारी दिनुभयो । सुशासनको लाभांश जनतासम्म पुऱ्याउने, अर्थतन्त्रको पुनःसंरचना गर्ने, पूर्वाधार तथा सम्पर्क सञ्जाल विस्तार गर्ने, संस्कृति-पर्यटन र परराष्ट्र सम्बन्धलाई सुदृढ बनाउने तथा डायोस्परालाई आर्थिक विकाससँग जोड्ने विषय बजेटका मुख्य प्राथमिकतामा रहनेछन् ।

ऊर्जा, सिँचाइ, सडक, खानेपानी र डिजिटल पूर्वाधारमा ठूलो लगानी गरिने उल्लेख गर्दै उहाँले निजी क्षेत्रलाई समेत सडक पूर्वाधार निर्माणमा सहभागी गराउने योजना रहेको बताउनुभयो । विप्रेषणमा आधारित अर्थतन्त्रलाई क्रमशः उत्पादनमुखी बनाउने तथा मध्यम वर्ग विस्तारमा जोड दिइने उहाँको धारणा थियो ।

राजस्व चुहावट र सीमा क्षेत्रमा हुने तस्करी नियन्त्रणमा सरकार कठोर रूपमा प्रस्तुत हुने अर्थमन्त्री वाग्लेले स्पष्ट पार्नुभयो । दैनिक उपभोगका सामग्री खरिदमा सर्वसाधारणलाई सहजता दिइने भए पनि संगठित तस्करी र अवैध कारोबारविरुद्ध विशेष अभियान सञ्चालन गरिने उहाँको भनाइ थियो ।

सीमा सुरक्षालाई प्रविधिमैत्री बनाउने योजनाअन्तर्गत सरकारले सीमा क्षेत्रमा क्यामेरा, नाइट भिजन, अनुहार पहिचान प्रणाली तथा कृत्रिम बुद्धिमत्ता (एआई) आधारित निगरानी प्रणाली प्रयोग गर्ने तयारी गरेको जानकारी उहाँले दिनुभयो ।

अर्थमन्त्री वाग्लेले धितोपत्र बजार सुधारमा पनि सरकार उदार नीति लिएर अघि बढिरहेको उल्लेख गर्नुभयो । पुँजी बजारमा सीमित समूहले ‘इन्साइडर ट्रेडिङ’मार्फत प्रभाव जमाएको उल्लेख गर्दै त्यस्ता गतिविधिमाथि कडा निगरानी गरिने उहाँले बताउनुभयो । स्टक एक्सचेन्ज पुनःसंरचनासम्बन्धी प्रतिवेदन क्रमशः कार्यान्वयन गरिने पनि उहाँले जानकारी दिनुभयो ।

उहाँले आफूले अर्थ मन्त्रालय सम्हालेयता साना-ठूला गरी ३०० भन्दा बढी काम सम्पन्न भएको दाबी गर्दै यही वैशाख ३१ गते संसद्मा बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिने जानकारी दिनुभयो । सांसदहरूले दिएका सुझावलाई समेत बजेटमा समेटिने उहाँको भनाइ थियो ।

## मधेशमा ‘आशा’ परियोजना शुभारम्भ

दैनिक समाचारदाता

जनकपुरधाम, २९ वैशाख । अपाङ्गता भएका, अति विपन्न तथा जोखिममा रहेका समुदायको जीविकोपार्जन तथा आर्थिक सशक्तीकरणका लागि मधेश प्रदेशमा ‘आशा : समावेशी जीविकोपार्जन र आर्थिक सशक्तीकरण’ परियोजना शुभारम्भ गरिएको छ ।

नेपाल सरकारसँगको समन्वयमा अस्ट्रेलियाली एड र सिबिएमको आर्थिक तथा प्राविधिक सहयोगमा लाइफ नेपाल तथा अपाङ्ग समाज जनकपुरधामले सञ्चालन गर्ने परियोजनाको मधेश प्रदेशका सभामुख रामअशिष यादवले जनकपुरधाममा आयोजित कार्यक्रममा



उद्घाटन गर्नुभयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले लोकतन्त्रमा आफ्नो अधिकार सुनिश्चित गर्न निरन्तर सङ्घर्ष र सचेतता आवश्यक हुने बताउनुभयो । उहाँले परियोजनाको नामअनुसार लक्षित समुदायमा आशा र भरोसा जगाउने गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो ।

लाइफ नेपालकी कार्यक्रम संयोजक पूजा शर्माका अनुसार परियोजनाको पहिलो चरणमा धनुषाका मिथिला, क्षीरेश्वरनाथ, हंसपुर नगरपालिका तथा लक्ष्मीनियाँ गाउँपालिकामा कार्यक्रम

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा

divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# मधेश अब गम्भीर बन्नुपर्छ

मधेश प्रदेश फेरि एकपटक चिन्ताजनक सार्वजनिक स्वास्थ्य संकटको केन्द्रमा देखिएको छ । एचआईभी संक्रमित बिरामीको संख्याका आधारमा देशमै दोस्रो स्थानमा रहेको तथ्यांकले केवल स्वास्थ्य क्षेत्रको कमजोरी मात्र उजागर गरेको छैन, यसले सामाजिक चेतना, सरकारी प्राथमिकता र सामुदायिक जिम्मेवारीमाथि समेत गम्भीर प्रश्न खडा गरेको छ । देशभर करिब ३५ हजारभन्दा बढी एचआईभी संक्रमित रहेको अवस्थामा मधेश प्रदेशमा मात्रै करिब पाँच हजार संक्रमित हुनु सामान्य अवस्था होइन । अझ तीमध्ये अधिकांश महिला तथा बालबालिका हुनु झन् भयावह संकेत हो । जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा सार्वजनिक तथ्यांकअनुसार मधेशमा ४ हजार ६ सय ८० जना एचआईभी संक्रमित रहेका छन् । पर्सा र धनुषा सबैभन्दा बढी जोखिममा छन् । जनकपुरधाममै ८ सय संक्रमित हुनु आफैंमा गम्भीर चेतावनी हो । यो केवल स्वास्थ्य सम्बन्धी समस्या होइन, सामाजिक संरचना, गरिबी, अशिक्षा, वैदेशिक रोजगार, लैंगिक असमानता र स्वास्थ्य सेवाको पहुँचसँग जोडिएको बहुआयामिक संकट हो ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको संक्रमितमध्ये १५ देखि ४९ वर्ष उमेर समूहका मानिस बढी हुनु हो । यही उमेर समूह समाजको उत्पादनशील शक्ति हो । जब सक्रिय जनशक्ति नै संक्रमणको चपेटामा पर्छ, त्यसले केवल व्यक्ति र परिवारलाई मात्र होइन, समग्र प्रदेशको आर्थिक तथा सामाजिक विकासलाई असर पार्छ । अझ महिलाहरू र बालबालिका बढी प्रभावित हुनु भनेको संक्रमण परिवारभित्रै फैलिरहेको संकेत हो । यसले हाम्रो सामाजिक चेतना कति कमजोर छ भन्ने देखाउँछ ।

मधेश प्रदेशमा अशिक्षा, गरिबी, खुला सीमाना, वैदेशिक रोजगारी तथा सुरक्षित यौन व्यवहारबारे न्यून जानकारी एचआईभी फैलिनुको प्रमुख कारण मानिन्छ । ठूलो संख्यामा युवाहरू रोजगारीका लागि भारत तथा खाडी मुलुक जाने गरेका छन् । त्यहाँबाट फर्किंदा स्वास्थ्य परीक्षण नगर्ने, संक्रमण लुकाउने तथा समयमै उपचारमा नआउने प्रवृत्तिले समस्या झन् जटिल बनेको छ । ग्रामीण क्षेत्रमा अझै पनि एचआईभीलाई "कलंक" को रूपमा हेरिन्छ । यही कारण धेरै संक्रमित समयमै परीक्षण गराउन डराउँछन् ।

दुई आर्थिक वर्षमा करिब एक लाख जनाको परीक्षण गर्दा ६ प्रतिशतमा संक्रमण पुष्टि हुनु सामान्य तथ्यांक होइन । यसले परीक्षणको दायरा अझै सीमित रहेको र वास्तविक संक्रमित संख्या अझ बढी हुन सक्ने संकेत गर्छ । राज्यले अहिले सार्वजनिक गरेको तथ्यांकलाई केवल औपचारिक अभिलेखका रूपमा होइन, स्वास्थ्य आपत्कालको प्रारम्भिक चेतावनीका रूपमा लिनुपर्छ ।

यद्यपि सकारात्मक पक्ष पनि छन् । अहिले एचआईभीको उपचार सम्भव छ । नियमित औषधि सेवन र समयमै उपचार गरे संक्रमितले सामान्य जीवन बिताउन सक्छन् । विगतमा जस्तो सामाजिक बहिष्कार र डरको वातावरण क्रमशः कम हुँदै गएको छ । तर उपचार उपलब्ध हुनु मात्रै पर्याप्त हुँदैन । मुख्य कुरा भनेको समयमै परीक्षण, निरन्तर परामर्श र सामाजिक स्वीकार्यता हो । यदि संक्रमित व्यक्ति समाजकै डरले लुकेर बस्न बाध्य हुन्छ भने उपचार प्रणाली प्रभावकारी बन्न सक्दैन । अब मधेश प्रदेश सरकारले एचआईभी नियन्त्रणलाई प्राथमिकतामा राख्नैपर्छ । विद्यालयस्तरदेखि नै यौन तथा प्रजनन स्वास्थ्य शिक्षा प्रभावकारी बनाउनुपर्छ । गाउँगाउँमा निःशुल्क परीक्षण र परामर्श सेवा विस्तार गर्नुपर्छ । वैदेशिक रोजगारमा जाने व्यक्तिको अनिवार्य स्वास्थ्य परीक्षण तथा परामर्श व्यवस्था कडाइका साथ लागू गरिनुपर्छ । महिला तथा किशोरीलाई लक्षित विशेष जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । साथै धार्मिक, सामाजिक तथा राजनीतिक नेतृत्वले पनि एचआईभीबारेको भ्रम र कलंक हटाउन अग्रसर हुनुपर्छ ।

स्वास्थ्य क्षेत्र केवल अस्पताल र औषधिमा सीमित हुँदैन । जनचेतना, सामाजिक व्यवहार र सरकारी प्रतिबद्धता बलियो नभएसम्म यस्ता रोग नियन्त्रण सम्भव हुँदैन । मधेशमा बढ्दो एचआईभी संक्रमणले हामीलाई समयमै सचेत गराएको छ । अब पनि राज्य, समाज र नागरिक गम्भीर नभए भविष्यमा यो संकट अझ भयावह बन्न सक्छ ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# ऊर्जा संकट, पश्चिम एसिया युद्ध र नयाँ सरकारको परीक्षा

*प्रमिला पौडेल*

नेपाल आज यस्तो अवस्थामा छ जहाँ ऊर्जा संकट केवल आन्तरिक समस्यामात्र होइन, अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रमसँग गहिरो रूपमा जोडिएको छ । विशेषतः पश्चिम एसिया (मध्यपूर्व) मा भइरहेका युद्ध र तनावले विश्वभरि इन्धन मूल्यमा तीव्र उतारचढाव ल्याइरहेको छ, जसको प्रत्यक्ष असर नेपालमा पनि परिरहेको छ ।

यस्तो अवस्थामा नयाँ सरकारका लागि यो सबैभन्दा ठूलो चुनौतीमात्र होइन, सबैभन्दा ठूलो अवसर पनि यहीँ लुकेको छ- ऊर्जा रूपान्तरण मार्फत जनविश्वास जित्ने ।




नेपालले वार्षिक ६३ खर्ब रुपैयाँ हाराहारी खाना पकाउने एलपी ग्यासमा मात्र खर्च गरिरहेको छ भने समग्र पेट्रोलियम पदार्थमा यो खर्च ३ खर्ब रुपैयाँ हाराहारी पुग्छ । जब मध्यपूर्वमा युद्ध चर्किन्छ, कच्चा तेलको मूल्य बढ्छ, ढुवानी जोखिम बढ्छ र त्यसको सिधा असर एलपी ग्यासको मूल्यमा पर्छ । यसले नेपालमा ग्यास महँगोमात्र होइन, कहिलेकाहीँ अभावको अवस्था पनि सिर्जना गर्न सक्छ । अर्थात्, हामीले बुझ्नुपर्ने यथार्थ के हो भने ग्यासको मूल्य नेपालले होइन, विश्व राजनीतिले निर्धारण गर्छ । तर, यसको प्रभाव भने नेपाली जनताको भान्सासम्म आइपुग्छ ।

यही कारणले गर्दा अब विकल्प रोज्ने समय आएको छ । नेपालसँग आफ्नै जलस्रोतमा आधारित विद्युत् उत्पादन गर्ने अपार सम्भावना छ । हाल करिब ४ हजार २ सय मेगावाट उत्पादन भइरहेको अवस्थामा एक दशकभित्र ३० हजार मेगावाट उत्पादन गर्ने लक्ष्य अघि बढिरहेको छ । तर, मुख्य प्रश्न उत्पादन होइन, उपयोग हो ।

यदि सरकारले ग्यासको सट्टा विद्युतीय कुकिङलाई प्राथमिकता दियो भने करिब २ देखि ३ हजार मेगावाट अतिरिक्त माग देशभित्रै सिर्जना गर्न सकिन्छ । यसले ग्यास आयात घटाउने मात्र होइन, विदेशी मुद्रा बचत गर्ने र ऊर्जा आत्मनिर्भरता हासिल गर्ने दिशामा ठोस कदम हुनेछ ।

तर, यस्तो परिवर्तन केवल नीतिले मात्र सम्भव हुँदैन । यसमा जनताको सक्रिय भूमिका अपरिहार्य छ । हरेक घरधुरीले ग्यासको सट्टा इन्डक्सन वा विद्युतीय चुलो प्रयोग गर्ने, अनावश्यक बत्ती र उपकरण बन्द गर्ने र ऊर्जा प्रयोगमा अनुशासन अपनाउने हो भने मात्र यो अभियान सफल हुन्छ ।

विशेषगरी अहिलेको अवस्थामा जहाँ ग्यासको मूल्य युद्धका कारण झन् बढ्न सक्छ, त्यहाँ फजुल विद्युत् खपत घटाउनु अत्यन्त महत्त्वपूर्ण हुन्छ । यदि हामीले अनुशासित रूपमा विद्युत् प्रयोग गर्न सकेनौं भने आफ्नै उत्पादन हुँदाहुँदै भारतबाट विद्युत् खरिद गर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले सन्तुलित प्रयोग जहाँ आवश्यक छ त्यहाँ बढी, जहाँ अनावश्यक छ त्यहाँ कटौती अत्यावश्यक छ।

यस सन्दर्भमा नयाँ सरकारको भूमिका निर्णायक हुन्छ । सरकारले केवल नीति घोषणा गर्ने होइन, जनतालाई स्पष्ट आह्वान गर्नुपर्छ- 'पश्चिम एसिया (मध्यपूर्व) को युद्धले निम्त्याएको ऊर्जा संकटलाई अवसरमा बदलौं, ग्यासमा निर्भरता घटाऔं, विद्युत् प्रयोग बढाऔं र देशको आर्थिक अवस्था सुदृढ बनाऔं ।'

साथै, सरकारले इन्डक्सन चुलोमा अनुदान, खाना पकाउने विद्युत् दरमा सहुलियत र भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्नुपर्छ । जब जनताले आफ्नो दैनिक जीवनमा सहजता र बचत अनुभव गर्छन्, तब सरकारप्रति विश्वास स्वतः बढ्छ ।

यदि नेपालले ग्यासको ५० प्रतिशतमात्र प्रतिस्थापन गर्न सक्यो भने पनि वार्षिक ६० अर्ब रुपैयाँ हाराहारी विदेशी मुद्रा बचत गर्न सकिन्छ । यो केवल आर्थिक तथ्य होइन, जनविश्वास निर्माण गर्ने आधार पनि हो । जब जनताले देख्छन् कि सरकारका निर्णयले उनीहरूको खर्च घटेको छ र देशको अवस्था सुधारिएको छ, तब उनीहरूको भरोसा बलियो हुन्छ ।

अन्तत, जनविश्वास भाषणले होइन, परिणामले जितिन्छ । पश्चिम एसियाको युद्धले ल्याएको चुनौतीलाई यदि नयाँ सरकारले ऊर्जा रूपान्तरण मार्फत समाधान गर्न सक्यो भने, यही संकट उसको सफलताको आधार बन्न सक्छ ।

अब समय आएको छ- संकटबाट डराउने होइन, त्यसलाई अवसरमा बदल्ने । नयाँ सरकारका लागि यही सबैभन्दा ठूलो परीक्षा हो र यहींबाट जनविश्वास जित्ने मार्ग पनि ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बच्छार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# यात्राअघि दही खुवाउने चलन अन्धविश्वास कि विज्ञान ?

*डा. देवराज क्षेत्री*

हाम्रो नेपाली संस्कृतिमा यात्रा गर्नुअघि दही खुवाउने चलन निकै पुरानो र लोकप्रिय छ । यात्राअघि दही खुवाउँदा शुभ हुने, यात्रा सफल र कार्यसिद्धि हुने विश्वास छ । तर यसमा वैज्ञानिक कारणहरू पनि उत्तिकै बलिया छन् ।



***आयुर्वेदका शास्त्रीय ग्रन्थ अनुसार दहीका गुणहरू***

आयुर्वेद शास्त्रहरूमा दहीलाई 'दधि' भनिएको छ र यसका गुणहरूको विस्तृत वर्णन गरिएको छ । यात्राको सन्दर्भमा आयुर्वेदले दहीलाई किन महत्त्व दिन्छ भन्ने कुरा तलका बुँदाहरूबाट स्पष्ट हुन्छ:

*१. उष्णवीर्य*

धेरैलाई दही खाँदा शीतल हुन्छ भन्ने लाग्न सक्छ, तर आयुर्वेदका अनुसार दही वीर्य (पोटेन्सी) मा उष्ण (तातो) प्रकृतिको हुन्छ । यसले शरीरको जठराग्नि अर्थात पाचन अग्निलाई प्रदीप्त गर्छ, जसले यात्राको बेला हुन सक्ने अपचलाई रोक्छ।

*२. रुचिकर*

शास्त्रीय ग्रन्थहरूमा दहीलाई 'रुच्य' भनिएको छ । यसको अर्थ दहीले खानामा रुचि जगाउँछ र मुखको स्वादलाई सुधार्छ । यात्राको तनावले गर्दा कहिलेकाहीँ खाना खान मन लाग्दैन, यस्तो अवस्थामा दहीले भोक जगाउने काम गर्छ ।

*३. ग्राही*

दहीको एउटा मुख्य गुण 'ग्राही' हुनु हो । यसको अर्थ यसले आन्द्राबाट बढी पानी सोसेर दिसालाई बाँध्ने काम गर्छ । यात्राका क्रममा लाग्न सक्ने सामान्य पखाला वा पेटको गडबडी रोक्न यो गुण निकै उपयोगी हुन्छ ।

*४. वातनाशक*

यात्रा गर्दा शरीरमा 'वात' दोष बढ्ने सम्भावना हुन्छ । जसले गर्दा शरीर दुख्ने, ग्यास भरिने वा थकान हुने हुन्छ । दहीले वात दोषलाई शान्त पार्छ, जसले गर्दा यात्रा आरामदायक महसुस हुन्छ ।

*५. पुष्टिवर्द्धक*

आयुर्वेदका अनुसार दहीले शरीरका धातुहरूलाई पोषण दिन्छ र ओज अर्थात रोगप्रतिरोधि क्षमता बढाउँछ । यसले यात्राका लागि आवश्यक शारीरिक बल प्रदान गर्छ ।

आयुर्वेदमा दही र पानीको मिश्रणको अनुपातका आधारमा यसका विभिन्न स्वरूपहरू वर्णन गरिएका छन् । पानीको मात्रा र मन्थन (घुमाउने प्रक्रिया) अनुसार दहीको गुण परिवर्तन हुन्छ । यात्रा वा दैनिक जीवनका लागि कुन प्रकारको दही उपयुक्त हुन्छ भन्ने बुझ्न यो वर्गीकरण निकै उपयोगी छ ।

आयुर्वेदका अनुसार पानीको मात्रा र चलाउने विधि अनुसार दहीका मुख्य प्रकारहरू यस प्रकार छन्:

*१. तक्र*

यसलाई पाचनको अमृत मानिन्छ । आयुर्वेदमा भनिएको छ, "भोजनान्ते पिबेत् तक्रं" अर्थात् भोजनको अन्त्यमा तक्र (मोही) पिउनुपर्छ । १ भाग दहीमा १/४ भाग पानी मिलाएर तक्र बनाइन्छ । यो 'लघु' (पचाउन सजिलो) हुन्छ । यसले ग्रहणी, पाइल्स, र पेट फुल्ने समस्यामा औषधिको काम गर्छ । यात्रा गर्दा पेट भारी हुने समस्या छ भने 'तक्र' सबैभन्दा उत्तम हुन्छ।

*२. घोल*

दहीलाई मात्र फेटेर घोल बनाइन्छ । यो 'वात' र 'पित्त' नाशक हुन्छ । यो अलि बाक्लो हुन्छ र पचाउन समय लाग्छ।

*३. छच्छिका*

दहीमा प्रशस्त पानी मिसाएर तर हटाएर छच्छिका बनाइन्छ । यो निकै पातलो र पेय पदार्थको रूपमा लिइन्छ । यसले तत्काल 'तर्पण' दिन्छ । लामो पैदल यात्रा वा कडा परिश्रम गर्नुअघि यसको सेवनले शरीरमा पानीको कमी हुन दिँदैन ।

*सावधानी*

आयुर्वेदले दही खाँदा केही नियमहरू पालना गर्न सुझाव दिन्छ । रात्रीको समयमा आयुर्वेदले दहीको सेवन कम गर्न सुझाव दिएको छ । दहीलाई सधैं चिनी, मह, घिउ वा मुँगको दालसँग मिसाएर खानु उत्तम मानिन्छ । यात्राअघि दहीमा चिनी मिसाउने हाम्रो चलन रहेको छ ।

आधुनिक चिकित्सा विज्ञानले पनि दहीलाई एक 'सुपरफूड' को रूपमा स्वीकार गरेको छ । यसमा पाइने पोषक तत्व र प्रोबायोटिक्सका कारण यो स्वास्थ्यका लागि अत्यन्तै लाभदायक मानिन्छ ।

आधुनिक चिकित्सा विज्ञान अनुसार दहीका गुणहरू यस्ता रहेका छन्:

***१. प्रोबायोटिक्स र आन्द्राको स्वास्थ्य***

दहीमा 'लाइभ कल्चर' हुन्छन्, जसलाई प्रोबायोटिक्स भनिन्छ । यी ब्याक्टेरियाले आन्द्रामा माइक्रोबायोमको सन्तुलन कायम राख्छन् । यसले ग्यास्ट्रिक, कब्जियत र पखाला जस्ता समस्याहरू कम गर्न मद्दत गर्छ । यसले शरीरको रोग प्रतिरोधात्मक क्षमतालाई मजबुत बनाउँछ ।

*२. पोषक तत्वको भण्डार*

दहीमा शरीरलाई आवश्यक पर्ने लगभग सबै पोषक तत्वहरू पाइछन् । यसमा पाइने क्याल्सियम र फस्फोरसले हड्डी र दाँतको मजबुतीका लागि उपयोगी हुन्छ । भिटामिन बी१२ र राइबोफ्लेभिन (बी२) जस्ता तत्त्वहरू मुटुको रोग र स्नायु प्रणालीको सुरक्षाका लागि उपयोगी हुन्छ र पोटासियम र म्याग्नेसियम जस्ता तत्त्वहरू रक्तचाप नियन्त्रण गर्न मद्दत गर्छ।

*३. प्रोटिनको उच्च स्रोत*

दहीमा पाइने प्रोटिन सजिलै पचाउन सकिने खालको हुन्छ । यसले मांसपेशीको मर्मत गर्न र पेटलाई लामो समयसम्म अघाएको महसुस गराउन मद्दत गर्छ, जसले तौल नियन्त्रणमा पनि सहयोग पुऱ्याउँछ ।

*४. ल्याक्टोज इन्टोलरेन्समा उपयोगी*

धेरै मानिसहरूलाई दूध पचाउन गाह्रो हुन्छ । तर दही बन्ने प्रक्रियामा ब्याक्टेरियाले दूधको ल्याक्टोजलाई ल्याक्टिक एसिडमा परिणत गरिदिने हुनाले, दूध पचाउन नसक्ने व्यक्तिहरूका लागि पनि दही एक सुरक्षित विकल्प हो ।

*५. मानसिक स्वास्थ्य र 'गट-ब्रेन एक्सिस'*

भर्खरैका अनुसन्धानहरूले पेटको स्वास्थ्य र मानसिक स्वास्थ्यबीच गहिरो सम्बन्ध रहेको देखाएका छन् । दहीमा पाइने प्रोबायोटिक्सले तनाव र डिप्रेसनका लक्षणहरूलाई कम गर्न सहयोग पुऱ्याउने देखिएको छ।

# एआई प्रयोगबाट नयाँ भौतिक शास्त्रको खोजी

भौतिकशास्त्रीहरूले आर्टिफिसियल इन्टेलिजेन्स(एआई)को प्रयोग गरेर प्रकृतिमा लुकेर रहेका नयाँ नियमहरू पत्ता लगाउने दिशामा एउटा ठूलो सफलता हासिल गरेका छन् ।

एमोरी युनिभर्सिटीको अनुसन्धान टोलीले एक विशेष रूपमा डिजाइन गरिएको न्युरल नेटवर्क र डस्टी प्लाज्माभित्रका कणहरूको सुक्ष्म थ्रीडी ट्र्याकिङलाई संयोजन गरेर कणहरूबीच हुने जटिल अन्तरक्रियाका लुकेका ढाँचा उजागर गरेको छ ।



पदार्थको चौथो अवस्था मानिने प्लाज्मा अन्तरिक्षदेखि पृथ्वीको ढङेलोभित्रसम्म पाइने एक रहस्यमय अवस्था हो । यस अनुसन्धानको सबैभन्दा रोचक पक्ष के हो भने एआईले केवल तथ्याङ्कको विश्लेषण मात्र नगरी वर्षौंदेखि मानिँदै आएका भौतिक शास्त्रका कतिपय स्थापित मान्यताहरूलाई समेत चुनौती दिएर नयाँ सत्यहरू बाहिर ल्याएको छ ।

प्लाज्मा यस्तो अवस्था हो जहाँ ग्यास आयनीकृत भएर इलेक्ट्रोन र आयनहरू स्वतन्त्र रूपमा बहन्छन् र यसले विद्युतीय चालकता जस्ता अद्वितीय गुणहरू प्रदर्शन गर्दछ ।

हाम्रो देखिने ब्रह्माण्डको झण्डै ९९.९ प्रतिशत भाग प्लाज्माले नै बनेको छ । डस्टी प्लाज्मामा भने यी आयनहरूका अतिरिक्त साना धुलोका कणहरू पनि सामेल हुन्छन् जुन शनि ग्रहको घेरादेखि लिएर पृथ्वीको आयन मण्डलसम्म जताततै फेला पर्दछन् ।

अनुसन्धानकर्ताहरूले प्रयोगशालामा भ्याकुम च्याम्बरभित्र लेजर र उच्च गतिको क्यामरा प्रयोग गरी यी कणहरूको चाललाई अत्यन्तै सुक्ष्म रूपमा रेकर्ड गरेका थिए ।

यसरी सङ्कलन गरिएको तथ्याङ्कलाई एआई मोडेलमा राख्दा यसले कणहरूबीच हुने 'गैर-पारस्परिक बल' अर्थात् नन-रेसिप्रोकल फोर्सेसलाई ९९ प्रतिशतभन्दा बढी शुद्धताका साथ व्याख्या गरिदिएको छ । यो गैर-पारस्परिक बलको अवधारणा निकै जटिल छ । जसमा एउटा कणले अर्कोलाई गर्ने प्रभाव र अर्कोले पहिलोलाई गर्ने प्रतिक्रिया फरक-फरक हुन्छ । अनुसन्धान टोलीले यसलाई एउटा तालमा गुडिरहेका दुईवटा डुङ्गाको उदाहरणसँग तुलना गरेको छ, जहाँ अगाडिको डुङ्गाले सिर्जना गरेको छालले पछाडिकोलाई तान्छ तर पछाडिको डुङ्गाले अगाडिकोलाई धकेल्ने काम गर्दछ ।

डस्टी प्लाज्मामा पनि अगाडि रहेको कणले पछाडिकोलाई आकर्षित गर्ने तर पछाडिकोले अगाडिकोलाई सधैं विकर्षण गर्ने अनौठो व्यवहार देखिएको छ । पहिलेका सिद्धान्तहरूले कणको विद्युतीय चार्ज र त्यसको आकारबीचको सम्बन्धलाई सिधा र सरल मान्ने गरे तापनि एआईले यो सम्बन्ध प्लाज्माको घनत्व र तापक्रममा निर्भर हुने जटिल प्रक्रिया रहेको स्पष्ट पारिदिएको छ ।

वैज्ञानिकहरूका अनुसार यो एआई विधि कुनै 'ब्ल्याक बक्स' जस्तो नभएर मानिसले सजिलै बुझ्न र व्याख्या गर्न सक्ने गरी बनाइएको छ । यसले कणहरूको गतिलाई तीनवटा मुख्य प्रभावहरूमा विभाजन गरेर अध्ययन गर्दछ । जसमा वेगका कारण हुने अवरोध, गुरुत्वाकर्षण जस्ता वातावरणीय बल र कणहरूबीचको आपसी बल पर्दछन् ।

यो प्रविधि केवल भौतिक शास्त्रमा मात्र सीमित नभएर बायोइन्जिनियरिङ र जीवविज्ञानका क्षेत्रमा पनि उत्तिकै प्रभावकारी हुनसक्छ । उदाहरणका लागि क्यान्सरका कोषिकाहरू कसरी एक ठाउँबाट अर्को ठाउँमा फैलिन्छन् वा चराहरूको बथान र मानिसको भीडमा सामूहिक व्यवहार कसरी विकास हुन्छ भन्ने बुझ्न यसले नयाँ बाटो खोल्नेछ ।

यो अनुसन्धानले एआईलाई केवल उपकरणको रूपमा मात्र नभई प्रकृतिका नयाँ नियमहरू पत्ता लगाउने एक सहयात्रीको रूपमा स्थापित गरिदिएको छ । एजेन्सीको सहयोगमा

# एसईई नतिजामा मधेशको चुनौती
# ३१ हजारभन्दा बढी विद्यार्थी अवर्गीकृत

दैनिक समाचारदाता
काठमाडौं,२९ वैशाख । राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजामा मधेश प्रदेशमा ३१ हजारभन्दा बढी विद्यार्थी अवर्गीकृत (नन-ग्रेडेड) भएका छन् । प्रदेशबाट परीक्षामा सहभागी ७६ हजार ३१७ विद्यार्थरुरुध्ये ४४ हजार ५९२ विद्यार्थी मात्र ग्रेडेड भएका छन् भने ३१ हजार ७२५ विद्यार्थी नन-ग्रेडेड भएका हुन् ।

यस वर्ष देशभर ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्, जुन गत वर्षको तुलनामा ४.१७ प्रतिशतले बढी हो । अघिल्लो वर्ष ६१.८१ प्रतिशत विद्यार्थी मात्र ग्रेडेड भएका थिए । राष्ट्रिय रूपमा नतिजामा सुधार देखिए पनि मधेश प्रदेशमा ठूलो संख्यामा विद्यार्थी अवर्गीकृत हुनु भने चिन्ताको विषय बनेको छ ।

राष्ट्रिय परीक्षा बोर्डका अनुसार यस वर्ष ४ लाख ३०



हजार ६६७ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । तीमध्ये सबैभन्दा धेरै ४८ हजार ३९२ विद्यार्थीले ३.६० देखि ४.०० सम्मको जीपीए ल्याएका छन् । त्यस्तै ८० हजार ३७२ विद्यार्थीले ३.२० देखि ३.६०, ९४ हजार २२२ विद्यार्थीले २.८० देखि ३.२० र ५५ हजार ९७७ विद्यार्थीले २.४० देखि २.८० जीपीए प्राप्त गरेका छन् ।

प्रदेशगत तथ्यांकअनुसार बागमती प्रदेशमा सबैभन्दा बढी ७७ हजार ११३ विद्यार्थी ग्रेडेड भएका छन् भने मधेशमा ४४ हजार ५९२ विद्यार्थी ग्रेडेड भएका छन् । तर अवर्गीकृत विद्यार्थीको संख्या पनि मधेशमै अत्यधिक देखिएको छ ।

परीक्षा नियन्त्रक टुकराज अधिकारी का अनुसार सरकारले दिएको निर्देशनअनुसार यस वर्ष २९ दिनमै नतिजा सार्वजनिक गरिएको हो । "परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिएकाले छिटो नतिजा सार्वजनिक गर्न सम्भव भयो," उनले बताए ।

यस वर्ष परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण गरिएकाले नतिजाको विश्वसनीयतामाथि प्रश्न उठे पनि शिक्षकहरूले मर्यादित ढंगले मूल्यांकन गरेको बोर्डको दाबी छ ।

शिक्षाविद् विद्यानाथ कोइराला ले नतिजा सुधार हुनुमा तीन मुख्य कारण रहेको बताएका छन् । उनका अनुसार धेरै विद्यालयले अतिरिक्त कक्षा सञ्चालन गर्नु, परीक्षा केन्द्रमै उत्तरपुस्तिका परीक्षण हुनु र विद्यार्थीलाई पहिल्यै प्रश्नपत्रको मोडेल उपलब्ध गराइनुले नतिजामा सुधार आएको हो ।

तर उनले मधेशसहित देशभर अवर्गीकृत भएका १ लाख ४६ हजारभन्दा बढी विद्यार्थीको भविष्यबारे सरकारले गम्भीर योजना बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् । "अनुत्तीर्ण भएका विद्यार्थीलाई के गर्ने ? उनीहरूलाई सीप र रोजगारीसँग कसरी जोड्ने भन्नेमा राज्यले सोच्नुपर्छ," उनले भने ।

बोर्डले अवर्गीकृत विद्यार्थीका लागि असार १ गतेदेखि ९ गतेसम्म पूरक परीक्षा सञ्चालन गर्ने जनाएको छ । साथै नतिजामा चित्त नबुझेका विद्यार्थीलाई जेठ १ देखि ७ गतेसम्म पुनर्योगका लागि आवेदन दिने व्यवस्था गरिएको छ ।

# एसईईमा मिटको उत्कृष्ट नतिजा
# ९७ प्रतिशत विद्यार्थी उत्तीर्ण



दैनिक समाचारदाता
जनकपुरधाम, २९ वैशाख । मिथिला इन्स्टिच्युट अफ टेक्नोलोजी (मिट) ले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गरेको छ । विद्यालयका ९७ प्रतिशत विद्यार्थी एसईई परीक्षामा उत्तीर्ण भएका छन् ।

विद्यालयका अनुसार शैक्षिक सत्र २०८२/०८३ को एसईई परीक्षामा सहभागी १२६ जना विद्यार्थीमध्ये करिब सय जना विद्यार्थी उत्तीर्ण भएका हुन् । क्याम्पस प्रमुख मनोज साहका अनुसार उत्तीर्ण विद्यार्थीमध्ये चार जनाले ४.० जीपीए प्राप्त गरेका छन् भने ५७ जनाले ए प्लस, ३९ जनाले ए र २३ जनाले बी प्लस ग्रेड हासिल गरेका छन् ।

आधुनिक शिक्षा प्रणाली, प्रविधिमैत्री अध्यापन र अनुशासित शैक्षिक वातावरणका कारण विद्यालयले हरेक वर्ष उत्कृष्ट नतिजा हासिल गर्दै आएको स्थानीय अभिभावक तथा शिक्षाप्रेमीहरूको भनाइ छ ।

जनकपुरधाममा शिक्षा क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै आएको मिटले गुणस्तरीय शिक्षा र प्रविधिमैत्री सिकाइमार्फत विद्यार्थीको भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताइएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजामा मधेश प्रदेशमा ३१ हजारभन्दा बढी विद्यार्थी अवर्गीकृत (नन-ग्रेडेड) भएका छन् । प्रदेशबाट परीक्षामा सहभागी ७६ हजार ३१७ विद्यार्थरुरुध्ये ४४ हजार ५९२ विद्यार्थी मात्र ग्रेडेड भएका छन् भने ३१ हजार ७२५ विद्यार्थी नन-ग्रेडेड भएका हुन् ।

यस वर्ष देशभर ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्, जुन गत वर्षको तुलनामा ४.१७ प्रतिशतले बढी हो । अघिल्लो वर्ष ६१.८१ प्रतिशत विद्यार्थी मात्र ग्रेडेड भएका थिए । राष्ट्रिय रूपमा नतिजामा सुधार देखिए पनि मधेश प्रदेशमा ठूलो संख्यामा विद्यार्थी अवर्गीकृत हुनु भने चिन्ताको विषय बनेको छ ।

## मधेशमा 'आशा'....

सञ्चालन गरिनेछ । सन् २०२६ अप्रिलदेखि २०३० मार्चसम्म सञ्चालन हुने परियोजनाबाट प्रत्यक्ष रूपमा करिब तीन हजार व्यक्ति लाभान्वित हुने अपेक्षा गरिएको छ ।

परियोजनाले अपाङ्गता भएका तथा जोखिममा रहेका व्यक्तिको सामाजिक सुरक्षा, मानसिक स्वास्थ्य र पुनःस्थापना सेवामा पहुँच विस्तार गर्ने लक्ष्य राखेको छ । साथै, स्थानीय योजना निर्माणमा समावेशी सहभागिता सुनिश्चित गर्ने, बजार प्रणाली विकास गर्ने तथा जलवायु उत्थानशील कृषिमार्फत अपाङ्गता-मैत्री खेती प्रणाली प्रवर्द्धन गर्ने योजना रहेको जनाइएको छ ।

लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सिबिएमका कन्ट्री डाइरेक्टर राजन भट्टराईले परियोजनाको सफल कार्यान्वयनका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा सम्बन्धित पालिकाका प्रमुख तथा लक्षित समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# धरानका दुई सहकारीमा साढे १२ अर्ब अपचलन

दैनिक समाचारदाता
विराटनगर, २९ वैशाख । धरान उपमहानगरपालिकाले सुनसरीको धरानमा सञ्चालित दुई ठूला सहकारीमा भएको झन्डै साढे १२ अर्ब रुपैयाँ अपचलनको विषय समाधान गर्न संघीय सरकारको सहयोग मागेको छ ।

बराह बचत तथा ऋण सहकारी र श्रेया बचत तथा ऋण सहकारीले सर्वसाधारणको अर्बौं रुपैयाँ डुबाएपछि परिस्थिति स्थानीय तहको नियन्त्रणभन्दा बाहिर गएको भन्दै उपमहानगरपालिकाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई पत्राचार गरेको हो ।धरानका यी दुई सहकारीमध्ये बराह सहकारीले करिब ११ अर्ब रुपैयाँ र श्रेयाले १ अर्बभन्दा बढी रकम अपचलन गरेको आरोप छ । दुवै सहकारी हाल बन्द अवस्थामा छन् भने सञ्चालकहरू फरार रहेका छन् ।

बराह सहकारी २०७९ सालदेखि समस्यामा परेको थियो । उपमहानगरपालिकाले २०८२ भदौ २२ गते यसलाई समस्याग्रस्त घोषणा गरेको थियो । यस्तै, ६ वर्षदेखि बन्द रहेको श्रेया सहकारीलाई २०८१ सालमा समस्याग्रस्त घोषणा गरिएको थियो । दुवै सहकारीलाई समस्याग्रस्त घोषणा गर्दा धरानका मेयर हर्क साम्पाङ




थिए ।

स्थानीय तहको सीमित स्रोतसाधनका कारण समस्या समाधान गर्न नसकिएको भन्दै उपमहानगरपालिकाले केन्द्र सरकारलाई हस्तक्षेप गर्न आग्रह गरेको हो । कार्यवाहक मेयर अइन्द्रबिक्रम बेघाले वैशाख २३ गते दोस्रो पटक मन्त्रालयलाई पत्र पठाएका हुन् ।

पालिकाले सहकारीलाई समस्याग्रस्त सूचीमा समावेश गरी पीडितलाई न्याय दिलाउन र दोषीमाथि कारबाही गर्न माग गरेको छ । पत्रमा स्थानीय तहको क्षमता र काबुभन्दा बाहिर परिस्थिति पुगेको उल्लेख गरिएको छ ।

बराह सहकारीमा १० अर्ब ७३ करोड ४३ लाख रुपैयाँभन्दा बढी अपचलन गरेको दाबी सहित २६२ जनाविरुद्ध जिल्ला अदालतमा मुद्दा विचाराधीन छ । बराह ग्रुपका अध्यक्ष शिवकुमार विश्वकर्मालगायतका प्रतिवादी फरार रहेको बताइएको छ ।

यस्तै, श्रेया सहकारीका अध्यक्ष लोकबहादुर लिम्बु विदेश फरार रहेको जनाइएको छ । उनीविरुद्ध जिल्ला अदालत सुनसरीमा दायर मुद्दा मुल्तवीमा छ ।

बराह सहकारीका पीडित प्रदीप बास्तोलाले उपमहानगरपालिकाले समस्याग्रस्त घोषणा गर्ने बाहेक प्रभावकारी काम गर्न नसकेको आरोप लगाए । उनका अनुसार २ अर्ब बजेट भएको उपमहानगरपालिकाले १२ अर्ब रुपैयाँ अपचलनको मुद्दा सम्हाल्न नसक्ने अवस्था जनाएको छ ।

सहकारी विभागकी उपरजिस्ट्रार सुचित्रा राईका अनुसार अध्यादेशमार्फत कानुनी जटिलता हटाइएकाले अब यस्ता सहकारीका विषय केन्द्रीय स्तरबाट हेर्न सहज भएको छ ।

बराह सहकारीले अपचलन गरेको अधिकांश रकम बराह ग्रुप अफ कम्पनी अन्तर्गतका १४ वटा कम्पनीमा लगानी गरिएको बताइएको छ । सहकारीको कुल दायित्व १० अर्ब ८९ करोड रुपैयाँभन्दा बढी रहेको छ ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४